अति शिष्ट एवं शौम्य प्रकृति जुया
च्वंम्ह ।

४१) विजया – मारगणपिन्त त्याका च्वंम्ह ।

४२) ज्वलन प्रभा– छोया च्वंगु मिथें तेज प्रकाश
जुयाच्वंगु शरोर धारण याना
क्यनोम्ह ।

४३) विद्युतमालो- पल्पसा त्वःपुथें मिखाहे तिरमिर जुइक दोप्तिमान तेज प्रकाश याना क्यनोम्ह ।

४४) ध्वजो - दुष्टगण पिन्त ध्वंस याइम्ह ।

४५) खड्गी - ज्ञानया खड्ग ज्वना च्वंम्ह ।

४६) चक्री - प्रज्ञाज्ञानया चक्र धारण याना च्वंम्ह

४७) चापद्युता- जलमेघ व विद्युत्मेघं नं प्रकट जुया क्यनोम्ह ।

४८) युधा - दुष्टजननाप संग्रामयाना त्याकीह्म ।

४९) जम्भनो - मारगणपिन्त ख्याय्त इमित नुना-छ्वेथें च्वंक म्हुतु वांखाया क्यनोम्ह ।

५०) स्तम्भनो- दुष्टजनपिन्त ख्याय्त पर्वत समान निश्चल एवं विशाल रूप धारण याना क्यनोम्ह ।

५१) काली - दैत्यगणपि ख्याय्त अति रौद्ररूप धारण याना क्यनोम्ह ।

५२) कालरात्री– सम्पूर्ण मारगणपिन्त त्राहिमाम् त्राहिमाम् ज्वोक खयायत सारा विश्व हे निष्पष्ट अन्धकारे दुवे ज्वो कथं भयानक अन्धकार प्रकट याना क्यनोम्ह ।

५३) निशाचरो– भूतप्रेत गणपिन्त उद्धार यायत चन्द्रमा समान मध्यराते भ्रमण याइम्ह ।

(३८)

५४) रक्षणी – सकल सत्वपिन्त रक्षा याइम्ह ।

५५) मोहिनी– स्व स्वं स्वेमगागु रूप धारण याना च्वंम्ह ।

५६) शान्ता – अति शान्त स्वभावम्ह ।

५७) कान्तारी– अन्धकार निर्मूल यायत पञ्चरश्मि पिकाइम्ह ।

५८) द्राविनि – महान शक्तिशाली एवं पराक्रमी जुया च्वंम्ह ।

५९) शुभा – मधुर मुस्कान तया खंल्हाइम्ह ।

६०) ब्राम्हणी– ब्रम्हज्ञानया यथार्थ रूप म्हसोका जगतजननो जुया च्वंम्ह ।

६१) वेदमाता– वेदज्ञानया नं माँ जुया च्वंम्ह

६२) गुह्या – गुह्यचर्यायां नं मां जुया च्वंम्ह ।

६३) गुह्य वासिनी– गुह्ययाने च्वना विज्यांम्ह ।

६४) मांगल्या – भक्तजनपिन्त शुभ मंगल याइम्ह ।

६५) शांकरी – सुख सम्बृद्धि बोम्ह ।

६६) शौम्या – स्वभाव शुद्धजुया क्वयना च्वंम्ह ।

६७) जातवेदा– सम्पूर्ण विद्यां युक्तम्ह ।

६८) मनोजवा – भक्तजनया मनोरथ पूर्ण याइम्ह ।

६९) कापालिनी–अकाल मृत्युं मुक्त याइम्ह ।

७०) महावेगा – मभिगु लँय् वना च्वंपिन्त याकनं भिगु लँय् पलाछिका बोम्ह ।

७१) सन्ध्या – सन्ध्याकालिन् प्रभाया रूप धारण याना प्रकट जुया क्वयनोम्ह ।

७२) सत्याऽपराजिता–सम्पूर्ण सद्गुणं युक्त जुया जगत जननी योगिनीया रूप धारण याना च्वंह्म ।

(४०)

७३) सार्थवाह कृपादृष्टि–व्यापार यायेया लागि पर-
देश वना दुःख सिया च्वं-
पिन्त कृपा दृष्टितया रक्षा
याइम्ह ।

७४) नष्टमार्ग प्रदर्शिनी–लँ ह्वना च्वंपिन्त लँ क्यना
बीम्ह ।

७५) वरदा – सम्पूर्ण भयं मुक्त जुइगु अभय वर-
दान बोम्ह ।

७६) शाशिनी – भिगु लँय् पलाछिका बीम्ह ।

७७) शास्त्री – सम्पूर्ण शास्त्रं पारंगतम्ह ।

७८) स्त्री रूपा– नारी स्वरूप जुया च्वंम्ह ।

७९) मित विक्रमा– अत्यन्त पराक्रमी जुया च्वंम्ह ।

(४१)

८०) शवरी – अदृष्यरूपं न्हाय्पने ज्ञानगुणया खँ
न्यंक वंम्ह ।

८१) योगिनी – गुह्यायाने योगिनी रूप जुया च्वंम्ह

८२) सिद्धा – सम्पूर्ण बुद्धयान (श्रावक यान, प्रत्येक
यान, महायान, वज्रयान आदि)
या सिद्धा जुया च्वंम्ह ।

८३) अचाण्डाली– चण्डाल च्वं अलगम्ह ।

८४) अमृता – अमृत स्वरूप जुया च्वंम्ह ।

८५) ध्रुवा – असफल जुयाच्वंगु ज्या याकनं सफल याना बीम्ह ।

८६) धन्या – देव, दैत्य, मनुष्यपिन्सं प्रशंसा याका च्वंम्ह ।

८७) पुण्या – पुण्यया शरोर जुया च्वंम्ह ।

८८) महाभागा– सुखंस्वर्यं सम्पन्नम्ह ।

८९) शुभगा – न्ह्याबलें शुभकार्य जक याका च्वनीम्ह ।

९०) प्रियदर्शना– सकलयात आनन्दज्वीगु रूप दर्शन बीम्ह ।

(४२)

९१) कृतान्तत्राशनो– मृत्युदेवता यमराजयात समेत त्राहिमाम् जुइक ल्याइम्ह ।

९२) भीमा – बोक्सो जुया दुःख बीपिं दुष्टतयत भयङ्कर रूपं त्रास बीम्ह ।

९३) उग्रा – दीप्तिमान अग्नीरश्मि पिकया दुष्टतयत ल्याइम्ह ।

९४) उग्रपराक्रमा–प्रचण्ड पराक्रम दुम्ह ।

९५) जगत एक हिता युक्ता– सम्पूर्ण जगतया अतुल-
नीय हितकारो जुया
च्वंम्ह ।

९६) शरण्या – शरण वःपिन्त मरण याइमखुम्ह ।

९७) भक्तवत्सला– भक्तजनपिन्त उपकार याइम्ह ।

(४३)

९८) वागीश्वरी– वाणिया अधिष्ठात्री देवी जुया
च्वंम्ह ।

९९) शिवा – सदानं कल्याणकारी जुया च्वनीम्ह ।

१००) सूक्ष्मा – थथ्ये अथ्ये धका सुनानं थाः गाः
काय् मफुम्ह ।

१०१) नित्या – सकभनं सदां दया च्वनीम्ह ।

१०२) सर्वत्रचागुणा–जल, थल, नभ सकभनं विचरण
याना प्राणीपिन्त रक्षा याइम्ह ।

१०३) सर्वार्थ साधनी–धर्म, अर्थ, काम, मोक्ष साधना
याना क्यनीम्ह ।

१०४) भद्रा – सदानं शुभ मङ्गल एवं कल्याण
याना बीम्ह ।

१०५) गोत्त्रो – थथ्ये अथ्ये धका सुनानं थाः गाः काय् मफुम्ह ।

१०६) धात्री – भक्तजनतय् माँ समान जुया च्वंम्ह

१०७) धनंददा– धन सम्पत्ति वरदान बोम्ह ।

(४४)

१०८) अभया गौतमी– जगतया माता समान जुया सम्पूर्ण भय हरण याना बोम्ह

थुगु प्रकारं श्रीमान लोकेश्वर तथा बोधिसत्व-पिन्सं श्री आर्यतारायाप्रशंसा याना च्वन ।

श्री आर्यतारायानाम कयागुया फल अनन्त जूगु-लि थुकिया पुण्यफल थुलि दु, उलि दु धका व्याख्या याय्हे थाकु । अथेया कारणं सम्पूर्ण बुद्धबोधिसत्व लोकेश्वर आदि पिन्सं श्री आर्यतारायात संक्षिप्त रूपं सर्वासा परिपूरिनी अर्थात् सम्पूर्ण मनोकामना पूर्ण यानाबोम्ह धका अभिव्यक्त याना च्वन ।

(परित्राण पाठया पुण्यफल)

(४५)

सकल सत्वपिन्त उद्धार याय्या कारणे ॐकार रूपं कृपाया छत्रछाया जुया सम्पूर्ण धर्मया ज्ञाता जुया

विज्याम्ह श्री आर्यतारायाः च सछि व च्यागु नाम शुद्धमनं एकचित्त याना गुम्ह व्यक्ति पाठ पूजा याइ वयात अनन्त फल प्राप्त जुइ ।

(४६)

श्री भगवान बुद्धयागु अद्भूत रहस्यमय जुया च्वंगु, गुह्ययान थ्यंक नं मामाथाय् मामाःगु रूप कया विज्याइम्ह देवतादिपिन्सं समेत दर्शन याय्त दुर्लभ जुया च्वंह्म श्री आर्यतारां फुक्क प्राणीपिन्त सुख सम्वृद्धि प्राप्तयाय् फेगु भाग्य दय्का बिइ, सम्पूर्ण पापं मुक्त याना बिइ, रोग फुक्क शमन याना शुखैस्वर्य प्राप्त याना बिइ ।

(४७)

गुह्म बुद्धिमानं शुचि शोले च्वना सथे, ह्मिने, बहनो स्वंगुकालेनं एकचित्तं थुगु परित्राण पाठ बोनो, वोंकी उम्ह व्यक्ति अनन्त कालतक राज्यैश्वर्य भोग याइम्ह जुइ ।

शुचि व शोलया अर्थः-

स्नानआदि नित्यकर्म शरीर शुद्धयाना, शुद्धगु वस्त्रं पुना, धुम्रपान, मद्यपान, मांसाहार याय्गु त्वःता पञ्चामृत (दुरू, धौ, घ्य, कस्ति, साख) तथा फल-फूल, मन्हि, खीर, साधारण जा, वयें, तरकारी आदि शाकाहार भोजन याय्गुयात शुचि धाइ। थुकें भिन्न मेगु वस्त्र व आहारयात अशुचि धाइ।

हानं पञ्चशील, अष्टशील, दशशील म्हसोका तद्अनुरूप फयांफतले स्वभाव शुद्धयाना थःतनं भिनोगु कतःयातनं भिनोगु व्यवहारे च्वना ज्या यायेगुयात शील धाइ। थुकें भिन्नगु मेगु स्वभावयात कुशील धाइ।

न्ह्याग्गुहे पूजा पाठ याय्बलेनं च्वे कनागु अशुचि व कुशोल त्वःता ज्या याःसा जक पुण्यलाइ अन्यथा पूजा याःम्ह व याकूम्ह निम्हसितःनं छुंहे फल प्राप्त जुइ मखु धका श्री भगवान बुद्धं थाय्थासे कना विज्यागुदु।

(४८)

थुगु स्तोत्र बोंकुगु वा बोनागुया पुण्यं दुःखीपिं सुखी जुइ, पाक ग्वाज्य लाटा, लाटीपिं चलाख जुइ, खँ सयावइ, मूर्खपिं बुद्धिमान जुया वइ ।

(४९)

बन्धने तया कुना तःपिं बन्धनं मुक्त ज्वो, व्यवहारे च्वंपिनो जय जुयावइ, शत्रुत मित्र जुया वइ, हिंस्रक जोवजन्तु तयगु भयं मुक्त जुयावनो ।

(५०)

युद्ध जुइगु, थवंथवे ल्वापु जुइगु, परदेश वने मालीगु, वने जंगले लं तंका च्वने मालीगु आदि नाना प्रकारया भय कष्ट वइबले श्री आर्यतारायात स्मरण यात धाःसा थ्व फुक्क दुःख हरण जुयावनो ।

(५१)

श्री आर्यताराया प्रभावं अकाल मृत्युभयं मुक्त जुइ । अपार यश कीर्ति प्राप्त जुइ । मनुष्य जन्म सफल जुया साधु सज्जन धायका च्वने दं ।

(५२)

गुम्ह व्यक्ति सुथे दनेव सुचि शौले च्वना सुगन्धित धूप दीप च्याका एकचित्तं थुगु आर्यतारायां परित्राण पाठ याइ उम्हव्यक्ति सकसियां प्रिय जुइका सुख ऐश्वर्य भोगयाना ताः कालतक म्वाना च्वने दै ।

(५३)

थुगु परित्राण पाठ यानागुया प्रभावं जगतजननी आर्यतारायागु प्रज्वलित तेजंखया देव, दैत्य, नाग, यक्ष, गन्धर्व, किचकन्नी, पिशाच, भूत, प्रेत, बोक्सो आदि सम्पूर्णयागु दोष भष्म जुयावनी ।

(५४)

एवंप्रकार थुगु आर्यतारायां पाठ याइम्ह, याकीह्म तथा पाठ याकीगु छें बोक्सो, पिशालखूस च्वंपि, छेंया जवे खवे च्वंपि स्ताडक धयापि, खने मदेक च्वना दाया हैपि, नाना शब्द पिकया ख्याइपि, केका हैपि, भूत, प्रेत, अगति, सोक, वायु, ख्या, ब्वं, क्षत्रपाल, जलग्रह, स्थलग्रह, नभग्रह आदि इत्यादिया दोषं पुना

हंगु अथेहे आकाश दोष, दैत्यदोष, हिति, तुं, बोङ्गा, पुखु, नदी, खुसि, पीठ, श्मशान आदि पाखें वंगु छाया दोषं नं थी फै मखु । अथे हे हानं जादु, टुना लगायत थ्व संसारे मारण, मोहन, उच्चाटन, वशीकरण आदि गुलि नं दु व सम्पूर्ण छुं हे लगे जुइ मखु ।

(५५)

पुनः वेताल, चिच्चक (अगति लाःपि), ग्रहगण-पिनिगु दृष्टि नं थी फै मखु, किचलं दाये फैनं मखु । शत्रु तयगु पाखें छुं विग्रह नं ज्वी फै मखु ।

(५६)

दुष्टतेसं मखु मखुगु ज्या याना स्यंके त्यंसानं लगे ज्वी मखु । नाना प्रकारया रोगं कया वा दीर्घ रोगो जुया सास्तीनया च्वने मालीनं मखु । देव, दैत्य मनुष्य तयगु कुदृष्टिनं लगे जुइ फै मखु । थुजापिं नाप संग्रामहे जूसानं थुमिसं क्वत्यले फइ मखु । थमं यानागु भिगु ज्या फुक्क शिद्ध जुया वनी ।

(५७)

पुनर्वार सम्पूर्ण ऐश्वर्य गुणं युक्तजुया काय्,

म्ह्याय्, छय्पिं नं बढेजुया च्वनो । थःगु कुलय् नं समाजय् नं सकसियां यय्का बुद्धिमान धाय्का च्वनोम्ह जुइ ।

(५८)

थुगुप्रकारं जगतजननी आर्यतारायागु श्व परित्राण पाठ यानागु वा याकागुया प्रभावं सदानं भाग्यमानी जुइ । कर्णप्रिय वचनं खँ ल्हाइम्ह जुया सिद्धिदुम्ह जुइ । फुक्क शास्त्रे नं निपुनम्ह विद्वान जुइ । कल्याणमित्रपिन्सं चाहुइका च्वनीम्ह जुइ । बोधिचित्त उत्पन्न जुया गन गन जन्म काः वन अन अन बुद्ध, बोधिसत्व व आर्यतारायां सुदृष्टि खया च्वनो । अन्ते सुखावति भुवन नाम जुयाच्वंगु बुद्धभूमी वास याः वनोम्ह जुइ ।

श्री भगवान बुध्दं आज्ञा दय्का बिज्यागु श्री शोभां युक्तम्ह आर्यतारायो सछि व च्यागु नाम दुगु श्व परित्राण पाठ ववचाल ।

-समाप्त-

श्री आर्यतारा स्तुति

(परित्राण पाठ)

को

नेपाली भाषामा भावार्थ

श्री आर्यतारा स्तुति

(परित्राण पाठ)

को

नेपालो भाषामा भावार्थ

(श्री आर्यतारालाई नमस्कार)

(१)

कुनै एक समयमा श्री ऐश्वर्यले सम्पन्न भएको पोतल पर्वत नामको एउटा पर्वतीय भूभाग रहेको थियो । उक्त स्थान विभिन्न प्रकारका खनिज पदार्थहरु जस्तै सुन, चाँदो, तामा, हीरा, मोती, नीलमणि, पारसमणि आदि इत्यादि मणि माणिक्यले परिपूर्ण थियो । यसका साथै नाना प्रकारका मनमोहक लता लहराले भरिपूर्ण भएको त्यस पर्वतमा आ–आफ्ना

कलरव ध्वनिले वातावरणलाई मन्त्रमुग्ध पारिरहेका पछोहरू पनि मनग्गे रहेका थिए ।

(२)

सितार, गितार, वीणा, तानपूरा आदि बाजा बजाउँदा कर्णप्रिय हुनेगरी जसरी मधुर आवाज निस्कने गर्छ, त्यस्तै नै उक्त पोतल पर्वतमा ठाउँ ठाउँमा निस्किरहेका स्फटिक समानका निर्मल झरनाहरूबाट उत्पन्न आनन्ददायक ध्वनिले सम्पूर्ण वातावरण नै गुञ्जायमान भइरहेको थियो । यस्तो रमणीय वातावरणले गर्दा मृगहरु पनि अति चञ्चल एवं भावविभोर भई निर्भय पूर्वक यताउता घुमफिर गरिरहेका थिए ।

एवं प्रकारले त्यस ठाउँमा नाना प्रकारका मनमोहक एवं सुगन्धित फूलहरू जस्तै रातो, नीलो, सेतो, पहेंलो आदि जात जातको कमलको फूल, गुलाफको फूल, पारिजात, चम्पक, कुसुम, गोदावरी, लालीगुराँस आदि इत्यादि सुगन्धित फूलहरू फुलिरहेकाले उक्त स्थानको सम्पूर्ण भूभागमा मगमग वासना फिजिरहेको थियो ।

यसप्रकारको त्यो रमणीय, मनमोहक एवं सुगन्धित पोतल पर्वतमा श्री समन्तभद्र तथागतले अधिष्ठान गर्नुभएको रहेछ ।

(३)

पुनः त्यस पर्वतमा अति स्वादिष्ट हुनेगरी पाकेका रसदार फलफूल जस्तै रूखकटहर, भुइँकटहर, मेवा, केरा, अनार, गुलाफजामुना, सुन्तला, स्याउ, अम्बा आदि निकै मात्रामा फलिरहेका थिए । यस्तो फल-फूलको रसमा भुल्न पाई भमराहरू पनि हर्षोल्लासले गुनगुनाइ चक्कर लगाइ रहेका थिए । एवंक्रमले किन्नरादि गणहरू पनि आ-आफनो सुमधुर आवाजले राग अलापी वातावरणमा माधुर्य थपिरहेका थिए । यस अवस्थामा मत्ता हात्तीहरू पनि उन्मुक्त भई स्वेच्छाले यत्रतत्र घुमिरहेका थिए ।

(४)

एवंप्रकारले त्यस पोतल पर्वतमा अष्टसिद्धि प्राप्त सिद्ध-गणहरू, विद्याधर-गणहरू तथा गन्धर्व-गणहरू पनि भावविभोर भई हर्षोल्लासले गीत गाइरहेका थिए । यस अवस्थामा तपस्या गरिरहेका र तपस्या-

पूर्ण भइसकेका मुनीश्वरहरुले बारम्बार जगतमाता श्री आर्यताराको नाम उच्चारण गरी उनीप्रति आफ्नो भक्तिभाव अर्पण गरिरहेका थिए ।

(५)

पुनः बज्रपाणि, बज्रचन्द्र, बज्रविनायक, मैत्री आदि दशभुवनमा वासगर्ने सम्पूर्ण बोधिसत्त्वहरू तथा हजारौंको संख्यामा विद्याराज गणहरू पनि जगतमाता श्री आर्यतारा स्मरण गरी त्यहाँ भेला भइरहेका थिए ।

(६)

एवंप्रकारले सकल सत्वलाई हित सुखहुने सद्धर्म सुन्ने उत्कट अभिलाषा लिएर त्यहाँ भेला भइरहेका क्रोधराजगण लगायत हयग्रीव आदि गणहरूले श्री भगवान बुद्धलाई स्मरण गरी उनको पूजा अर्चना गरिरहेका थिए ।

(७)

यस्तो परिवेशमा श्री भगवान बुद्धले त्यस पोतल

पर्वतको मध्यभागमा रहेको पद्मगर्भमा विराजमान हुनुभई पद्मासनमा रही सबैलाई मैत्रीभावले अवलोकन गर्नुभयो ।

(८)

तत्पश्चात श्री भगवान बुद्धले सद्धर्म ज्ञानको उपदेश दिने मनसायले त्यहाँ उपस्थित भएका सम्पूर्ण बुद्धिमान ज्ञानीजनहरूलाई अवलोकन गर्दै अन्तमा ऋद्धिबलले संयुक्त भएका बज्रपाणि बोधिसत्त्वतर्फ दृष्टि पुऱ्याउनु भयो ।

(९)

यसप्रकार श्री भगवान बुद्धले असीम कृपादृष्टि-बाट सबैतिर दृष्टि पुऱ्याई सकेपछि बोधिसत्वहरूलाई सम्बोधन गर्दै मीठो एवम् सुरिलो आवाजले आज्ञा गर्नुभयो– "हे बोधिसत्वगण, यस संसारमा आठवटा महाभयहरू छन् । ती अष्टमहाभयहरू हुन्- १) हिंस्रक जीवजन्तुहरूको भय, २) चोर डाँकाहरूको भय, ३) अग्निभय, ४) वायु भय, ५) जल भय, ६) शत्रु

भय, ७) वज्रपातको भय, र ८) भूकम्पको भय। यो आठ महाभयहरूबाट आक्रान्त भई सम्पूर्ण प्राणीहरूले दुःख कष्ट झेलिरहेका छन्।

(१०)

पुनः जसरी फोहर एवं दुर्गन्ध भएको हिलोमा मसिना किटाणुहरू सलबलाइ रहने गर्छन्, ठिक त्यस्तै राग, द्वेष, मोह, मायारूपि तृष्णाले भरिएको यस संसारमा सम्पूर्ण प्राणीहरू डुबुल्किमारी कोहल्यै पार नहुने सांसारिक बन्धनमा जकडिरहेका छन्।"

(११)

श्री भगवान बुद्धबाट आज्ञा भएको यो कुरा सुनी त्यहाँ उपस्थित सबैले करजोरी बिन्ती गरी प्रार्थना गरे,—"हे महामुनि, दुःखको यो अथाह सागरमा अल्झेर कष्ट भोगी रहेका यो निरीह प्राणी उपर करूणा राखी त्यसबाट छाँडी नै मुक्तहुने बाटो देखाइ दिनुहोस्।"

(१२)

पुनर्वार श्री भगवान बुद्धले बज्रपाणि बोधिसत्व-

लाई सम्बोधन गरी मधुर शब्दले आज्ञागर्नु भयो–
"हे गुह्यकराजेन्द्र, पूर्वकालमा तिमीलाई बोधगर्न श्री अमिताभ तथागतबाट निर्देश भएको दुःखबाट चाँडै नै मुक्तहुने उपाय म यहाँ बताउँदैछु, ध्यान दिएर सुन ।"

(१३)

"हे बज्रपाणि, सम्पूर्ण प्राणीहरुलाई रक्षा गर्नाखातिर जगत्जननी श्री आर्यतारालाई म यहाँ आह्वान गर्दछु ।"

श्री भगवान बुद्धको प्रणिधान अनुरुप सम्पूर्ण प्राणी उपर महाकरूणा राखी श्री आर्यतारा आकाशमा प्रकट हुनुभयो ।

(१४)

सूर्यको प्रकाश झैं जाज्वल्यमान, पूर्णचन्द्रको किरण झैं शीतल रश्मि धारण गरी प्रकट हुनुभएका श्री आर्यतारालें सम्पूर्ण देव, दैत्य मनुष्यलाई दर्शन दिने अभिप्रायबाट स्वर्ग, मर्त्य, पातालसम्म पुग्ने गरी आफ्नो किरण देदीप्यमान पारिदिनु भयो ।

(१५)

यो दीप्तिमान प्रकाशले गर्दा स्वर्ग, मर्त्य, पाताल तीनै लोक कम्पन भई सम्पूर्ण देव, दैत्य, मनुष्यहरू अद्भूत आश्चर्य एवं भयले थर्कमान हुनपुगे । यसरी सम्पूर्ण देव, दैत्य, मनुष्यहरू त्राहित्राहि भएको देखी नीलकमल हातमा लिइ प्रकट भएकी जगत्माता श्री आर्यतारादेवीले सवैमा करूणादृष्टि फिजाई नडराउनु नडराउनु, म देखी नडराउनु भनी मधुर वाणीले आज्ञा गर्नुभयो ।

(१६)

तत्पश्चात् जगत्माता श्री आर्यतारालै जगत् संरक्षण गर्ना निम्ति सम्पूर्ण प्राणीहरूलाई वन जङ्गल-बाट उत्पन्न हुने भय, शस्त्र अस्त्र लिइ आउने दुष्ट-जनहरूबाट उत्पन्न हुने भय आदि नाना प्रकारका सम्पूर्ण भयहरूबाट मुक्त गर्ने हेतुले म उत्पन्न भएका हुँ भनी मीठो वचनले आज्ञा गर्नुभयो ।

(१७)

जो कोही देव, दैत्य, मनुष्यादि गणले मलाई

स्मरण गर्नेछ, उनलाई म सधैंभरी सांसारिक भय, कष्टबाट मुक्त पार्नेछु भनी जगतजननी श्री आर्यतारा ले पुनः आज्ञा गर्नुभयो ।

(१८)

यसकारण ठूला बडा मुनीश्वर, महर्षि, बोधिसत्व, देवदेवी, अप्सरा, गन्धर्व, किन्नर, विद्याधर लगायत सम्पूर्ण बौद्ध विद्वान, आचार्य, भिक्षुगण आदि सबैले– "हे माता आर्यतारा मलाई मात्र होइन यस संसारका सम्पूर्ण प्राणीहरूलाई दुःखरूपि यो भवसागरबाट चाँडै नै उद्धार गरिदिनुहोस्" भनी श्रद्धापूर्वक श्री आर्यतारादेवीको स्तोत्र पाठ गर्नै गर्दछन् ।

(१९)

तदुपरान्त श्री भगवान बुद्धले दशै दिशा पर्यन्त व्याप्त हुनेगरी जाज्वल्यमान तेज प्रकाश गरी पहिलेका तथागतहरूबाट अभिव्यक्त भएको श्री आर्यताराको एकसय आठ वटा नाम प्रकाश पारी दिनुभयो ।

(२०)

श्री भगवान बुद्धबाट आज्ञाभयो– "जुन व्यक्तिले

जगतमाता आर्यताराको नित्य स्मरण गर्छ, त्यस व्यक्तिलाई दशभूमिका बोधिसत्त्वहरूले सम्पूर्ण पापबाट मुक्तगरी यशस्वी हुने बाटोमा अग्रसर गराइदिनेछ ।

(२१)

धन-धान्यले पूर्ण हुनेछ, रोगबाट मुक्त हुनेछ । शरीर हृष्टपुष्ट भई आकर्षक बन्नेछ । निर्मल एवम् तेजयुक्त शरीर धारण गरी चिरकालसम्म सुखभोग गर्न पाउनेछ । ऐश्वर्य बढ्न गई सबैलाई चित्त बुझ्नेगरी भरणपोशन गर्न गराउन सक्ने हुन्छ । मान प्रतिष्टा बढ्नेछ र सबैको लागि सम्मानित व्यक्ति हुनेछ ।

(२२)

लक्ष्मीको वास हुनेछ, सम्पूर्ण लोकगण आफ्नो अधीनमा राख्न सक्षम हुनेछ । लोकमान्य हुनेछ । ब्राह्मण, क्षेत्री, वैश्य, शूद्र आदि सबैको सधैंभरी प्रिय बन्नेछ ।

यत्ति वचन आज्ञा भई श्री भगवान बुद्धले मधुर मुस्कान छर्नु भयो ।

(२३)

यसपछि श्री भगवान बुद्धले प्रफुल्लित भई सम्पूर्ण दिशामा रहेका प्राणीहरूमध्ये क-कस्ले श्री आर्यतारा-को नाम स्मरण गरिरहेको छ भन्ने कुरा अवगत गर्न चारैतर्फ दृष्टि फिजाउनु भयो ।

(२४)

तदनंतर श्री भगवान बुद्धले दायाँ हात मास्तिर लगी महाप्राज्ञ बनेका, महातपबाट परिपूर्ण भएका, सम्पूर्ण प्राणीहरूमा समान दृष्टिले हेर्नु भएका, शिष्य नायक बज्रपाणि बोधिसत्वतर्फ दृष्टि फिजाई श्री आर्य-ताराको जति पनि नामहरू छन् तो सम्पूर्ण नामहरू नित्य स्मरण गर्नेगर्नु भनी आज्ञा गर्नु भयो ।

(२५)

पुनर्वार श्री भगवान बुद्धले आज्ञा गर्नु भयो—"जुन रूपले श्री आर्यताराका नामहरू रहेका छन्, त्यही रूपले नित्य स्मरण गरेको प्रभावबाट अनन्त सुख, ऐश्वर्य प्राप्त हुनेछ । तसर्थ धनवान हुन, रोगबाट मुक्त हुन, ऐश्वर्य प्राप्तगरी भाग्यशाली बन्न र धन

उपार्जन भए गरे अनुसार बुद्धिमान र विवेको बन्न श्री आर्यतारालाई नित्य स्मरण गर्नेगर्नु ।

(२६)

एवंक्रमले अकाल मृत्युभय निर्मूल गर्न, मोक्ष पद प्राप्तगरी सुखावती भुवन नाम रहेको बुद्धभूमिमा पुग्न श्री आर्यताराको वर्णन सुनाउन लागिरहेछु, ध्यान दिएर सुन ।

(२७)

भविष्यमा मोक्षपद प्राप्तगर्न शुद्धमनले श्री आर्य-ताराको नाम नित्य स्मरण गर्नु र अरूलाई पनि गर्न गराउन लगाउनु ।

(श्री आर्यताराको धारणी तथा मन्त्र)

(२८)

ॐकार स्वरूप रहेको, दिव्यचक्षु धारण गरेको, प्रज्ञा चक्षुबाट स्वर्ग, मर्त्य. पाताल तीनै लोकमा हेर्ने, दुःख हरण गर्ने, सम्पूर्ण प्राणीहरूलाई दुःख भयबाट मुक्त गर्न सहानुभूतिपूर्वक कृपादृष्टि राख्ने, सबै

प्राणीहरूलाई सांसारिक दुःख बन्धनबाट मुक्त गर्ने, शुभ कार्य गर्न हजार हात धारण गरेको, एवं प्रकार-ले हजार वटा प्रज्ञाचक्षुले युक्त भएको ।

(२९)

ॐकार स्वरूप रहेको हे आदिशक्ति महामाया, हजुरले मलाई मात्र होइन सम्पूर्ण प्राणीहरूलाई समेत रक्षागर्न सुदृष्टि राखिदिनुहोस् । प्रज्ञा स्वरूपी श्री आर्यतारालाई मेरो नमस्कार ।

ॐकार स्वरूप भई सम्पूर्ण प्राणीहरूलाई दुःख बन्धनबाट मुक्त गर्ने, अहिंसा कुशल मूल कर्ममा लाग्ने भक्तजनहरूलाई दर्शन दिई मोक्षपद दिलाइ दिने प्रज्ञा-रूपी हे स्वाहाकार, हजुरलाई म भक्तिको पुष्पाञ्जली अर्पण गर्दछु स्वीकार गर्नु होस् ।

(३०)

ॐकार स्वरूप भई विशुद्ध निर्मल रहेको, विकार केही नभएको, श्री भगवान बुद्धको शासनमा रहेका सम्पूर्ण बोधिसत्व लगायत सबै प्राणीहरूका माता

रहेकी, सम्पूर्ण प्राणीहरूलाई दुःख बन्धनबाट मुक्त गर्न करुणाको निर्मल सागर भई नीलो रूप धारण गरी नीलो वस्त्र नै पहिरेकी, प्रज्ञाज्ञानले संयुक्त हुनुहुर श्री आर्यतारालाई मेरो नमस्कार ।

श्री आर्यताराको एकशय आठ नामोच्चारण

(३१)

१) अपराजिता– सम्पूर्ण प्राणीहरूलाई रक्षा गर्ने हेतुले जगतमाता स्वरूप सर्वशक्तिमान श्री योगिनीको रूप धारण गर्ने ।

२) महारौद्रो – मारगणलाई तर्साउन भयङ्कर रूप प्रकट गर्ने ।

३) विश्वरूपी – सम्पूर्ण विश्वमा व्याप्त रहेकी ।

४) महाबला – अति शक्तिशाली भएकी ।

(३२)

५) ॐ कल्याणी– कल्याणको अथाह सागर रहेकी ।

६) महातेजा – जाज्वल्यमान तेजले युक्त भएकी ।

७) लोकधात्री – लोकको आमा समान रहेको ।

८) महायशा – अथाह सुकीर्तिले युक्त भएको ।

९) सरस्वती – विद्या र वाणीकी अधिष्ठात्रीदेवी रहेकी ।

१०) विश्वलाक्षी–दृष्य अदृष्य सबै पदार्थ अवलोकन गर्ने शक्ति भएको ।

११) प्रज्ञाश्री – ज्ञानको अथाह भण्डार रहेको ।

१२) बुद्धि वर्दिनी– बुद्धिको खानी रहेकी ।

(३३)

१३) धृतिदा – प्रज्ञाज्ञानले युक्त भएको ।

१४) पुष्टिदा – अनुपम सौन्दर्यले भरिपूर्ण भएको ।

१५) स्वाहा – स्वाहाकार रहेकी ।

१६) ॐ कारा – बुद्धको शुन्यता ज्ञानले परिपूर्ण भएकी ।

१७) कामरूपिनी–इच्छा अनुसार रूप धारण गर्ने ।

१८) सर्वसत्व हितोयुक्ता– सम्पूर्ण प्राणीहरुलाई उपकार गर्ने ।

१९) संग्रामे तारणी जया– युद्ध विजय गराइदिने ।

(३४)

२०) प्रज्ञापारमिता–प्रज्ञाज्ञानले युक्त भएको ।

२१) देवी – नारी रूप धारण गरेको ।

२२) आर्यतारा– शुभकार्य गर्नेलाई सम्पूर्ण दुःखबाट मुक्त गर्ने भएको ।

२३) मनोरमा – अति आकर्षक व्यक्तित्व भएकी ।

२४) दुंदुभि – नगराको आवाज जस्तै चारैतर्फ घन्किने गरी मधुर आवाजले बोल्ने भएकी ।

२५) संखिनि – सम्पूर्ण गुण र शीलले युक्त भएकी

२६) पूर्णा – सम्पूर्ण लक्षणले युक्त भएको ।

२७) विद्याराज्ञी– सम्पूर्ण विद्याका अधिपति रहेकी ।

२८) प्रियंवदा – मनमोहक हुनेगरी मीठो एवम् सुरिलो आवाजले बोल्ने भएको ।

(३५)

२९) चन्द्रानना– पूर्णचन्द्र जस्तै अति शीतल एवम् आनन्दमय रूप धारण गरेकी ।

३०) महागौरी – निर्मल स्वेतवर्ण भएकी ।

३१) अजिता – सम्पूर्ण भय हरण गर्ने ।

३२) पीत वाससा–पहेंलो वस्त्र धारण गर्ने ।

३३) महामाया– जगतको अधिष्ठात्री देवी रहेकी ।

३४) महाश्वेता– हिउँ जस्तै निर्मल गौरवर्णमा पनि प्रकट हुने भएकी ।

३५) महावला पराक्रमा–अत्यन्त घोर पराक्रमले युक्त भएकी ।

(३६)

३६) महारौद्री – दुष्टहरूलाई तर्साउन घोर डरलाग्दो रूप धारण गर्ने ।

३७) महाचण्डी– पापीहरूलाई निर्मूल गर्न प्रचण्ड रूप धारण गर्ने ।

३८) दुष्टसत्व निसूदनि– दुष्टगण थर्कमान हुनेगरी भयङ्कर रूप प्रदर्शन गर्ने ।

३९) प्रशान्ता – सज्जनहरूलाई अति शीतल एवं मनमोहक रूपमा दर्शन दिने ।

४०) शान्तरूपी — सबै प्रकारको राग, द्वेष, मोह, लोभ आदि मनोविकार निर्मूल गरी अति शिष्ट एवं शौम्य रूप धारण गरेको ।

४१) विजया — मारगणलाई संहार गर्ने ।

४२) ज्वलन प्रभा — दनदनी बलिरहेको आगोको ज्वाला झैं दन्किरहेको तेज प्रकाश गर्ने ।

४३) विद्युत मालो — बिजुली चम्के झैं आँखै तिरमिरा उने गरी दीप्तिमान तेज प्रकाश गर्ने ।

४४) ध्वजी — दुष्टहरूलाई विध्वंश गर्ने ।

४५) खड्गी — ज्ञानखड्ग धारण गरेको ।

४६) चक्री — प्रज्ञाज्ञानको चक्रले युक्त भएको ।

४७) घनविद्युता — जलमेघ र विद्युत्मेघबाट पनि प्रकट हुने ।

४८) युक्त — दुष्टहरूलाई संग्राममा पराजित गर्ने

४९) जम्भनी – मारगणलाई तर्साउन उनीहरूलाई जिउँदै निल्ने किसिमले भयानक हुनेगरी मुख बाउँने ।

५०) स्तम्भनी – दुष्टजनलाई तर्साउन पर्वत समान निश्चल एवं विशाल रूप धारण गर्ने ।

५१) कालो – दैत्यगणलाई तर्साउन रौद्ररूप धारण गर्ने ।

५२) कालरात्रो– सम्पूर्ण मारगणलाई त्राहि त्राहि हुने गरी तर्साउन सारा विश्व नै निष्पष्ट अन्धकारमा डुब्ने किसिमले भयानक अन्धकार प्रकट गरी देखाउने ।

५३) निशाचरो– भूतप्रेतहरूलाई उद्धार गर्न पूर्णचन्द्र समान मध्यरातमा भ्रमण गर्ने ।

५४) रक्षणी – दुःखीजनको रक्षा गर्ने ।

५५) मोहिनो – अनुपम सौन्दर्य भएको ।

५६) शान्ता – शान्त स्वभावमा रहेको ।

५७) कान्तारी – पञ्चरश्मिले युक्त भएको ।

५८) द्राविनी – महान शक्ति एवं पराक्रमले युक्त भएको ।

५९) शुभा – मीठो एवम् सुरिलो स्वरले बोल्ने ।

६०) ब्राह्मणी – ब्रह्मज्ञानको यथार्थलाई पहिचान गरी जगतमाता हुनु भएको ।

६१) वेदमाता – वेदज्ञानको पनि आमा समान रहेको

६२) गुह्या – गुह्यचर्यको पनि आमा समान भएको

६३) गुह्य वासिनी– गुह्ययानमा विचरण गर्ने ।

६४) मांगल्या – भक्तजनहरूको शुभ मङ्गल गर्ने ।

६५) शांकरी – सुख सम्वृद्धि प्रदान गर्ने ।

६६) शौम्भा – स्वभाव शुद्ध रहेको ।

६७) जातवेदा – सम्पूर्ण विद्याले युक्त भएको ।

६८) मनोजवा– भक्तजनहरूको मनोरथ पूर्ण गर्ने ।

६९) कापालिनी–अकाल मृत्युभयबाट मुक्त गर्ने ।

७०) महावेगा – कुमार्गमा लागेकाहरूलाई सुमार्गमा ल्याइदिने ।

७१) सन्ध्या – सन्ध्याकालिन प्रभाको रूप धारण गरी प्रकट हुने ।

७२) सत्याऽपराजिता– सम्पूर्ण सद्गुणले युक्त भई जगतजननी योगिनीको रूप धारण गरेकी ।

(४०)

७३) सार्थवाह कृपादृष्टि– व्यापार गर्ने क्रममा परदेशमा गई दुःख भोगिरहेका भक्तजनहरूमा कृपा दृष्टि राखी रक्षा गर्ने ।

७४) नष्ट मार्ग प्रदर्शनी – दिग्भ्रम भएकाहरूलाई मार्ग प्रदर्शन गरिदिने ।

७५) वरदा – सम्पूर्ण भयबाट मुक्त हुने अभय वरदान दिने ।

७६) शाशिनी – सुमार्गमा हिंडाउने ।

७७) शास्त्री – सम्पूर्ण शास्त्रमा पारंगत भएकी ।

७८) स्त्री रूपा– नारीरूप धारण गरेकी ।

७९) मित विक्रमा– अत्यन्त पराक्रम भएकी ।

८०) शवरी – अदृष्य भई ज्ञानगुणका कुराहरू सुनाउन आउने।

८१) योगिनी – गुह्ययानमा योगिनी रूप धारण गर्ने

८२) सिद्धा – सम्पूर्ण बुद्धयानहरू जस्तै श्रावकयान, प्रत्येकयान, महायान, बज्रयान आदि यानहरूको सिद्धा रहेको।

८३) अचाण्डाली–चण्डाल चर्यबाट अलग रहेको।

८४) अमृता – अमृत स्वरूप भएको।

८५) ध्रुवा – असफल भइरहेको काम सफल पारी दिने।

८६) धन्या – देव, दैत्य मनुष्यादिबाट प्रशंसित भएको।

८७) पुण्या – पुण्यशरीर धारण गरेको।

८८) महाभागा– सुखैश्वर्यले सम्पन्न भएको।

८९) शुभगा – सधैभरी शुभकार्यमा संलग्न गराउने

९०) प्रियदर्शना–मन आनन्द हुने रूप दर्शन दिने।

९१) कृतान्तत्राशनी– मृत्युदेवता यमराजलाई समेत थर्कमान हुने गरी तर्साउने ।

९२) भीमा – बोक्सी भई दुःखदिनेहरूलाई भयङ्कर रूपले त्रास दिने ।

९३) उग्रा – दीप्तिमान अग्निरश्मिले युक्त भई दुष्टहरूलाई तर्साउने ।

९४) उग्रपराक्रमा– प्रचण्ड पराक्रमले युक्त भएकी ।

९५) जगत एक हितो युक्ता– सम्पूर्ण जगत्को लागि, अतुलनीय हितकारी रहेकी ।

९६) शारण्या – शरणमा आउनेलाई मरण नगर्ने ।

०७) भक्त वत्सला– भक्तजनहरूलाई उपकार गर्ने ।

९८) वागीश्वरी– वाणिकी अधिष्ठात्रीदेवी रहेकी ।

९९) शिवा – सधैंभरी कल्याणकारी भई रहने ।

१००) सूक्ष्मा – बस्तो उस्तो भनी कसैले पनि ठम्याउन नसक्ने ।

१०१) नित्या – सधैंभरी सबै ठाउँमा रही रहने ।

१०२) सर्वत्रचानुगा– जल, थल, नभ सर्वतिर विचरण गरी प्राणिहरूको रक्षा गर्ने ।

१०३) सर्वार्थ साधनी–धर्म, अर्थ, काम, मोक्ष साधना गरी देखाउने ।

१०४) भद्रा – सधैंभरी शुभ मङ्गल एवं कल्याण गरिदिने ।

१०५) गोस्त्री – जान्न वा थाहा पाउन नसकिने ।

१०६) धात्री – भक्तजनहरूको लागि आमा समान रहेकी ।

१०७) धनंददा– धन सम्पत्ति बरदान दिने ।

१०८) अभया गौतमी– जगतको आमा समान रही सम्पूर्ण भयबाट मुक्त गर्ने ।

यसप्रकार श्रीमान लोकेश्वर लगायत सम्पूर्ण बोधिसत्वहरूले श्री आर्यताराको प्रशंसा गरिआएका छन् ।

श्री आर्यताराको नाम स्मरण गर्दाको फल अनन्त रहेकोले यसको पुण्यफल यति उति भनी व्याख्या गर्न निकै कठिन रहेको छ । अतः सम्पूर्ण बुद्ध, बोधिसत्व, लोकेश्वरादिहरूले श्री आर्यतारालाई संक्षिप्त रूपमा सर्वासा परिपूरिणी अर्थात सम्पूर्ण इच्छा पूर्ण गरिदिने भनी अभिव्यक्त गर्नु गरेकाछन् ।

(परित्राण पाठको पुण्यफल)

(४५)

सम्पूर्ण प्राणीहरूलाई उद्धार गर्नको लागि ॐकार रूपले कृपाको छत्रछाया रहेकी सम्पूर्ण धर्मका ज्ञाता श्री आर्यताराको यो एकसय आठ नाम शुद्धमन ले एकचित्त गरी जसले पाठ गर्दछ त्यसलाई अनन्त फल प्राप्त हुनेछ ।

(४६)

श्री भगवान बुद्धको अद्भूत रहस्यमय भएको

गुह्ययानसम्म पनि आवश्यकतानुसार रूप धारण गर्ने भएको, देवताहरूले समेत दर्शन पाउन दुर्लभ रहेको श्री आर्यतारालेसम्पूर्ण प्राणीहरूलाई सुख सम्वृद्धि प्राप्त गर्न सकिने भाग्य निर्माण गरिदिनेछ, सम्पूर्ण पापबाट मुक्त गरिदिनेछ, रोग सबै हरण गरी सुखैश्वर्य प्राप्त गराई दिनेछ ।

(४७)

जो कोही बुद्धिमानले शुचि शोलमा रही विहान, दिउँसो र बेलुका तीनै प्रहरमा एकचित्तले यो परित्राण पाठ गर्नेछ वा गराउनेछ, त्यस व्यक्तिले अनन्त कालसम्म राज्यैश्वर्य भोग गर्नेछ ।

शुचि र शोलको अर्थः—

विहान सवेरै स्नानादि नित्य कर्मबाट शरीर शुद्ध गरिसकेपछि शुद्धवस्त्र लगाई धुम्रपान, मद्यपान मांसाहार त्याग गरी दूध, दही, घ्यू, मह, सखर आदि पञ्चामृत तथा फलफूल, रोटी वा साधारण दाल,

भात, तरकारी आदि शाकाहार भोजन गर्नुलाई शुचि भन्दछन् । त्यसबाट भिन्न अर्को वस्त्र र आहारलाई अशुचि भन्दछन् ।

एवंप्रकारले पञ्चशील, अष्टशील, दशशीललाई पहिचान गरी सकेसम्म तद्अनुरूप स्वभाव शुद्ध गरी आफूलाई पनि भलो हुने र अरूलाई पनि भलो हुने गरी व्यवहार चलाउनुलाई शील भन्दछन् । त्यसबाट भिन्न अर्को स्वभावलाई कुशील भन्दछन् ।

जुनसुकै पाठ पूजा गर्दा पनि उपरोक्त अनुसारको अशुचि र कुशीललाई त्याग गरी काम गरेमा मात्र पुण्यफल मिल्नेछ अन्यथा पूजा गर्ने र गराउने दुवैलाई कुनै फल मिल्ने छैन भनी श्री भगवान बुद्धले ठाउँ ठाउँमा अभिव्यक्त गरेका छन् ।

(४८)

यो स्तोत्र पाठ गरेको वा गर्नलगाएको पुण्यले दु:खीजनहरू सुखी हुनेछन्, लाटालाटीहरू चलाख भई बोल्न सक्नेछन् । मूर्खहरूमा बुद्धि पलाउँने छन् ।

(४९)

वन्दीगृहमा थुनिएकाहरू बन्धनबाट मुक्त हुनेछन्, व्यवहारमा रहेकाहरूको शुभ–मङ्गल हुनेछन्, शत्रुहरू मित्रमा परिणत हुनेछन्, हिंस्रक जोवजन्तुहरूको भय-बाट पनि मुक्त हुनेछन् ।

(५०)

युद्ध भएमा, आफू आफूमा झगडा भएमा, परदेश लाग्नु परेमा, वन जङ्गलमा बाटो विराएमा या यस्तै अन्य कुनै प्रकारले दु:ख हुने वेलामा श्री आर्यताराको नाम स्मरण गऱ्यो भने यो सम्पूर्ण दु:खभयबाट मुक्त हुनेछ ।

(५१)

श्री आर्यताराको प्रभावले अकाल मृत्युभयबाट मुक्त हुनेछ, अपार यश प्राप्त हुनेछ । मनुष्य जन्म सफल भई साधु सज्जन भनी कहलिनेछ ।

(५२)

जुन व्यक्तिले विहान उठ्नासाथ शुचि शोलमा रही सुगन्धित धूप दीप बाली एकचित्तले यो परित्राण पाठ गर्नेछ, त्यो व्यक्ति सर्वप्रिय हुनुको साथै सुखै-श्वर्यभोग गरी चिरकालसम्म बाँचिरहने छ ।

(५३)

यो परित्राण पाठ गरेंको प्रभावले देव, दैत्य, नाग, यक्ष, गन्धर्व, किन्नर, किचकन्नी, पिशाच, भूत, प्रेत, बोक्सी आदिका सम्पूर्ण दोषहरू श्री आर्यताराको प्रज्वलित किरणमा परी भष्म भई जानेछन् ।

(५४)

एवंप्रकारले श्री आर्यताराको यो पाठ गर्ने वा गराउनेको घरमा बोक्सो तथा घरको आसपासमा रही नदेखिने गरी पिट्न आउने, ढुङ्गाले हिर्काएर ल्याउने, नानाप्रकारको आवाजले तर्साउन आउने स्ताडकहरू, एवं प्रकारले भूत, प्रेत, अगति, सोक,

वायु, खप्पाक, कङ्काल, क्षत्रपाल, जलग्रह, स्थलग्रह, नभग्रह आदि इत्यादिको दोषहरूका साथै आकाशदोष, दैत्यदोष, धारा, पँधेरो, कुवा, पोखरो, नदी, ताल, पोठ, मशान आदिबाट उत्पन्न हुने छाँया दोषले पनि छुन सकिने छन एवंरोतले जादु, टुना-मुना लगायत यो संसारमा मारण, मोहन, उच्चाटन, वशीकरण आदि जति छन् ती सम्पूर्ण केही पनि लाग्ने छैनन् ।

(५५)

पुनः वेताल, चिच्चक (अगतिमा परेकाहरू) एवं ग्रह गणहरूको दृष्टिले पनि छुन सक्ने छैन, तिनीहरूको छाँयाको प्रभाव सम्म पनि पर्न सकिने छैन । शत्रुहरूबाट कुने विग्रह पनि हुने छैन ।

(५६)

दुष्टहरूले नचाहिदो काम गरी विगार्न खोजे पनि कुनै असर पर्नेछैन । नाना प्रकारको रोग लागी वा दीर्घ रोगी भई यातना भोग्नु पर्ने छैन । देव, दैत्य,

मनुष्यादिहरूको कुदृष्टि पनि लाग्नेछैन । यस्ताहरूसंग युद्ध नै गर्नु परे पनि आफ्नो हार हुनेछैन । आफूले गरेका सम्पूर्ण शुभ कार्यहरू फलिफाप हुँदै जानेछन् ।

(५७)

पुनर्वार सम्पूर्ण ऐश्वर्य एवम् गुणहरूले युक्त भई तद्अनुरूप छोरा, छोरी, नाति, नातिनीहरूको वृद्धि हुँदै जानेछन् । आफ्नो कुलमा पनि समाजमा पनि बुद्धिमान एवम् सम्मानित व्यक्ति कहलाई बस्न पाउने छ ।

(५८)

यसप्रकार जगत्जननी श्री आर्यताराको यो परित्राण पाठ गरेको वा गर्न लगाएको पुण्यको प्रभावले सधैंभरी भाग्यशाली भई रहनेछ । मधुर वाणीले कुरा गर्ने भई सबैको प्रिय हुनेछ । शास्त्रज्ञ एवं विद्वान बन्नेछ । कल्याणमित्रहरूको माझमा रहन पाउनेछ । बोधिचित्त उत्पन्न हुनेछ र मृत्यु पश्चात जहाँकहीं

जन्म लिन गए पनि बुद्ध, बोधिसत्व र श्री आर्यतारा को सुदृष्टिमा रहन पाउने छ ।

श्री भगवान बुद्धबाट आज्ञा भएको श्री शोभाले युक्त भएको नित्य पूजनीय श्री आर्यतारा महादेवीको एक सय आठ नामले संयुक्त परित्राण पाठ पूर्ण भयो ।

—समाप्त—



एकसय आठ ताराहरूको नामावली

एकसय आठ ताराहरूको नामावली

१ आर्यतारा
२ महत्तरीतारा
३ प्रशन्नतारा
४ शोतांगतारा
५ बज्रतारा
६ महाचित्ततारा
७ मृत्युवचनोतारा
८ शुक्रतारा
९ जांगुलीतारा
१० धनन्दतारा
११ श्रीमहातारा
१२ शुक्रकजटीतारा
१३ लोचनीतारा
१४ मामकीतारा
१५ पाण्डलातारा
१६ कमलातारा
१७ भृकुटीतारा
१८ पुष्पतारा
१९ धूपतारा
२० दीपतारा
२१ गन्धतारा
२२ रसतारा
२३ सप्तलोचनीतारा
२४ श्वेतलोचनी तारा
२५ नीलतारा
२६ पीतातारा
२७ रक्ततारा
२८ श्यामतारा
२९ धूम्रतारा
३० विचित्रतारा
३१ दिव्यतारा
३२ सुमंगलतारा
३३ उष्णीषतारा
३४ सिद्धिलोचनीतारा
३५ ध्वजतारा
३६ एकजटि तारा

३७ योगतारा
३८ विमलतारा
३९ नीलोत्पलतारा
४० भुवनतारा
४१ विमलसूर्य्यतारा
४२ अमृततारा
४३ बरुणतारा
४४ अवर्णतारा
४५ क्रान्तमतीतारा
४६ मुखेन्द्रमतीतारा
४७ पुष्पमतीतारा
४८ अन्तमतीतारा
४९ रत्नमंजरीतारा
५० स्कन्धतारा
५१ ज्ञानरुपतारा
५२ सुरुपतारा
५३ रागतारा
५४ द्वेषतारा
५५ मोहतारा
५६ लक्ष्मीतारा
५७ ध्यानतारा
५८ सरस्वतीतारा
५९ प्रचण्डतारा
६० चन्द्रमतीतारा
६१ मोक्षमतीतारा
६२ भयंकरतारा
६३ अभयंकरतारा
६४ बीणतारा
६५ बज्रहूंकारतारा
६६ लोकार्थतारा
६७ मनोहरतारा
६८ रुपतारा
६९ बीजतारा
७० सुगन्धतारा
७१ शान्ततारा
७२ हयग्रीवतारा
७३ रक्ताचक्रतारा
७४ आकाशतारा
७५ सर्वसुन्दरीतारा
७६ सिद्धान्ततारा

७७ रक्षतारा
७८ महाकारुणीकतारा
७९ घण्ठतारा
८० जन्मतारा
८१ रोगप्रशमनतारा
८२ प्रवणतारा
८३ अवरणतारा
८४ पृथिवीतारा
८५ अरुणतारा
८६ बुद्धशक्तीतारा
८७ धर्मतारा
८८ स्वर्गतारा
८९ छत्रतारा
९० ध्वजपताकतारा
९१ ह्रींवक्तारा
९२ सुलोचनीतारा
९३ पद्मनृत्यतारा
९४ व्यंजनतारा
९५ मंगलतारा
९६ हास्यतारा
९७ लास्यतारा
९८ रसरंगतारा
९९ सुमंगलतारा
१०० महामंगलतारा
१०१ संपूर्णतारा
१०२ दीपराजतारा
१०३ वंशतारा
१०४ बज्रवैरोचनीतारा
१०५ बज्रमामकीतारा
१०६ बज्रपाण्डलातारा
१०७ भीष्मतारा
१०८ सकलमंगलतारा

सन्दर्भ ग्रन्थहरू

'श्री आर्यतारा को हुन्?' शिर्षकमा लेखिएको यस पुस्तकको प्रस्तावना निम्नलिखित ग्रन्थहरूमा आधारित छन्:-

१) सूर्योदय राजाया बाखँ
(श्लोक तथा नेपाल भाषा)
अनुवादक तथा प्रकाशक:- पं. वै. आज्ञाकाजो बज्राचार्य
द्वितीय संस्करण- २०३८ (वि. सं.)

२) तारा पारा जिका
(मूल तथा नेपाल भाषा अर्थ सहित)
लेखक:- पं. वै. आशाकाजी (गणेशराज) बज्राचाय
प्रकाशक:- लेखक स्वयम्
प्रथम संस्करण- २०४३

३) सद्धर्म पुण्डरिक सूत्रम्
भाषानुवादक:- सद्धर्मराज बज्राचार्य
संशोधक:- पं. वै. आशा काजी बज्राचार्य
प्रकाशक:- लोटस रिसर्च सेन्टर
प्रथम संस्करण- वि. सं. २०४७

४) बौद्धधर्म दर्शन
लेखक:– आचार्य नरेन्द्रदेव
प्रकाशक:– मोतीलाल बनारसीदास पब्लिशर्स
प्रा. लि. दिल्ली
पुनर्मुद्रण:– इ. सं. १९९४, दिल्ली
प्रथम सस्करण– इ. सं. १९५६, पटना

५) नेपालको ऐतिहासिक विवेचना
लेखक:– प्रो. ढुण्डिराज भण्डारी
प्रकाशिका:– कृष्णकुमारी, वाराणसी
प्रथम संस्करण– २०१५ (वि. सं.)

६) भृकुटी
(ऐतिहासिक उपन्यास)
लेखक:– धर्मरत्न 'यमि'
प्रकाशक:– चवसापासा, कान्तिपुर
प्रथम संस्करण– ने. सं. १०८०

७) महायान धर्म दर्शन
लेखक तथा प्रकाशक: पं. व. आशाकाजी बज्राचार्य
प्रथम संस्करण– वि. सं. २०३३

८) आर्य्यतारा स्तुति
परित्राण पाठ
(मूल तथा नेपाल भाषा सहित)
भाषानुवादक:- पं. व. आशाकाजो बज्राचार्य
प्रकाशक:- शान्तरत्न बज्राचार्य
प्रथम संस्करण- २०३७ (वि. सं.)

९) श्री स्वयम्भू महाचैत्य
लेखक:- हेमराज शाक्य
प्रकाशक:- स्वयम्भू विकास मण्डल
प्रथम संस्करण- ने. सं. १०९८

१०) Buddhist Tradition and Culture of
The Kathmandu Valley
By- Karunakar Vaidya
Publishers- Sajha Prakashan,
Kathmandu
First Edition- 1986 (B. S.)

लेखकको संक्षिप्त परिचय



नाम :- महीश्वर राज बज्राचार्य
पिता :- पण्डित, बैद्य आशाकाजी (गणेशराज) बज्राचार्य
माता :- चन्द्रदेवी बज्राचार्य
पत्नी :- वसन्ती बज्राचार्य
शिक्षा :- आइ. इ. (सिभिल), बी. ए.
जन्म मिति :- वि. सं. १९९६, कार्तिक

सम्पादित कार्य :- २०१२ सालदेखि बुद्धधर्म प्रचारक समितिको सक्रिय कार्यकर्ता । २०२१ सालमा ओभरसियरको रूपमा श्री ५ को सरकारको सेवामा प्रवेश । २०३२ सालमा सहायक कृषि इन्जिनियरमा बढुवा । २०५१ सालमा सेवा निवृत्त ।

२०५० सालदेखि बुद्धधर्मको अध्ययन एवम् विकास कार्यमा पुनः संलग्न । यस क्रममा नेपालमा बुद्धधर्मको संरक्षण एवं संबर्द्धन गर्नको लागि जापानको गृहस्थ बौद्ध संघ "सिसिन्काई" को आर्थिक सहयोगमा संचालित लोट्स रिसर्च सेन्टरमा पदाधिकारीको अभाव हुन गएबाट २०५२ साल कार्तिक महिनादेखि ऐजन फागुन महिनासम्म कार्यरत (निःशुल्क)

हाल बौद्धधर्म - दर्शनको अध्ययनमा अनुरत ।

प्रकाशित कृतिहरू :-

१) ललितपुरको धर्मयात्रा
२) बुद्धवादको सारांश
३) बुद्धवादमा कर्म र पुनर्जन्म
४) श्री आर्यतारा स्तुति

(परित्राण पाठ)

नेपाल भाषा र नेपाली भाषामा भावार्थ सहित ।

मुद्रक : सुभाष प्रिन्टिङ्ग प्रेस, ललितपुर नकवहिल, फोन नं. : ५२११९१